# वराहपोखरी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना**: वराहपोखरी गाउँपालिकाभित्र रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा जनताको पहुँचयोग्य बनाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न एम्बुलेन्स सञ्चालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले "वराहपोखरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "वराहपोखरी गाउँपालिकाको एम्बुलेन्स सञ्चालन व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति २०८२।०४।२९ देखि लागू हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यपालिका" भन्नाले वराहपोखरी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(ग) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(घ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ङ) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(च) "गाउँपालिका" भन्नाले वराहपोखरी गाउँपालिकालाई सम्झनु पर्छ।

(छ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

(ज) "अध्यक्ष" भन्नाले वराहपोखरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(झ) "उपाध्यक्ष" भन्नाले वराहपोखरी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वराहपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ट) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

## परिच्छेद- २

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन :** (१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, रेखदेख तथा अनुगमन गर्न एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन्:-

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) गाउँ सभाका सदस्यहरूमध्ये १ जना महिला सहित संयोजकबाट मनोनित २ जना - सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने,

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने तथा यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने,

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने,

सरोकारबालाबिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने, (घ)

(ङ) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने,

(च) कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्कलाई प्रत्येक दुई बर्षमा बजार भाउ, महंगीको अवस्था, इन्धनको दररेट लगायत निश्चित मापदण्डको आधारमा पुनरावलोकन गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने,

(छ) चालकले सेवा शुल्क लिई कोषमा दाखिला गरे नगरेको निरीक्षण गर्ने,

(ज) अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुने ।

(२) स मतिको सदस्य-स चवले सेवा प्रवाहको स्थितीको चौमा सक ववरण कार्यपालिकामा पेश गर्नु पर्नेछ । साथै बा र्षक अद्याव धक ववरण प्रत्येक वर्षको असार मसान्तमा कार्यापा लकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद-३

## कर्मचारी व्यवस्थापन तथा नियुक्ति सम्बन्धी व्यवस्था

**५. कर्मचारीको नियुक्ति :** (१) एम्बुलेन्स सञ्चालनका लागि एक जना चालक करार सेवामा भर्ना गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिकाका विभिन्न शाखाका शाखा प्रमुख रहने कम्तिमा ३ सदस्यीय भर्ना समितिको गठन गरी सो समितिबाट चालक भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव, सवारी साधन अनुमति पत्र तथा अन्य आधार तयार गर्ने तथा चालक नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको प्रचलित कानून बमोजिम गर्नेछ ।

**६. पारिश्रमिक तथा सेवा शर्तहरु :** (१) एम्बुलेन्स चालकको पारिश्रमिक तथा सेवा शर्तहरु देहाय बमोजिम हुनेछ:

(क) चालकको तलब भत्ता नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरे बमोजिम हुनेछ। अन्य सेवा सुविधाको सम्बन्धमा सेवा शुल्क बापत उठेको रकम पर्याप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) चालकको रू. सात लाखसम्मको दुर्घटना बिमा गरिनेछ। बिमाको प्रिमियम बापतको रकम यस कार्यविधि बमोजिमको कोषबाट बेहोरिनेछ।

(ग) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची (१) बमोजिम हुनेछ।

(घ) गाउँपालिकाले प्रत्येक वर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परीक्षण गराउनेछ।

(ङ) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसूची (२) बमोजिमको ढाँचामा राखु पर्नेछ।

(च) चालकको करार नवीकरण निजको कार्यसम्पादनको मुल्यांकन गरी प्रत्येक आर्थिक बर्षको शुरुवातमा गरिनेछ। स्वास्थ्य परीक्षण गर्दा समस्या हुने, आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नवीकरण हुने छैन्।

(छ) पदमुक्त हुनुभन्दा अगाडि आफ्नो लिखित सफाई पेश गर्ने मौका दिईनेछ।

(ज) चालकको तलब भत्ता लगायत अन्य सुविधा यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिनेछ। तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्वीकृत बार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन्।

## परिच्छेद-४

## सेवा शुल्क तथा मर्मत संभार सम्बन्धी व्यवस्था

**७. सेवा शुल्क सम्बन्धी व्यवस्था :-** एम्बुलेन्स सेवा प्रयोग गरेवापत अनुसूची-३ बमोजिमको सम्बन्धित सेवाग्राहीले रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ। सेवा शुल्क बापत लिइने रकम नगदी रसिद काटी दफा (८) बमोजिमको कोषको बैंक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

**८. एम्बुलेन्स सञ्चालन कोषको व्यवस्था :** (१) एम्बुलेन्स सेवा बापत उठेको रकम जम्मा गर्न, कर्मचारी तलब भत्ताको व्यवस्था गर्न तथा एम्बुलेन्स मर्मत संभार गरी नियमित सञ्चालन गर्न एक छुट्टै एम्बुलेन्स सञ्चालन कोषको व्यवस्था गरिनेछ। कोषको श्रोतहरु देहाय बमोजिम हुनेछः

(क) सेवाग्राहीबाट प्राप्त सेवा,

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र कुनै संस्था वा व्यक्तिबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त गरेको रकम।

(२) कोषमा प्राप्त हुने सबै रकम गाउँपालिकाको एउटा छुट्टै बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च मात्र व्यहोरिनेछ;

(क) चालकको तलब, भत्ता तथा अन्य सेवा सुविधा,

(ख) एम्बुलेन्स मर्मत सम्भार तथा ईन्धन खर्च,

(ग) समितिको बैठक भत्ता.

(घ) एम्बुलेन्समा आउने अन्य भैपरी खर्चहरु।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५
## विविध

**९. लेखा र लेखापरीक्षण :** (१) एम्बुलेन्स सञ्चालन कोषको आय व्ययको लेखा आर्थिक प्रशासन ऐन नियम बमोजिम आर्थिक प्रशासन शाखाले राख्नेछ।

(२) एम्बुलेन्स कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट बार्षिक रुपमा गरिनेछ।

**१०. एम्बुलेन्स रहने स्थान :** एम्बुलेन्स वराहपोखरी गाउँपालिकाको कार्यालयको परिसरमा वा कार्यपालिकाले तोकेको स्थानमा रहनेछ।

**११. एम्बुलेन्स मर्मत सम्भार :** एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा इस्टिमेट गराई दफा (३) बमोजिमको समितिको निर्णायानुसार हुनेछ।

**१२. कार्यविधिको व्याख्या तथा बाधा अड्काउ फुकाउने** : यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ। बाधा अड्काउ फुकाउने यस कार्यविधिमा उल्लेखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१३. कार्यविधि संसोधन :** यो कार्यविधि कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

**१४. खारेजी तथा बचाउ :** (१) यो कार्यविधि जारी हुनु अघि एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका काम कुराहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**शालिकराम बन्जारा**

**गाउँपालिका अध्यक्ष**

**मिति : २०८२।०४।२९**

## अनुसूचि-१
### (कार्यविधिको दफा ६ को उपदफा १ (ग) सँग सम्बन्धित)
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. वराहपोखरी गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८२ लाई पूर्णतः पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ, सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामी, कुरुवा तथा विरामीसँग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा व्यक्ति (यात्रु) हरुलाई ओसारपसार गर्न नहुने,
५. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
६. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
७. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
८. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
९. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,
१०. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राखुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई भन्न नहुने तथा कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
११. एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग गर्नुपर्ने,
१२. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१३. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म....................................... ..................................ठेगाना............................ ना.प्र.प.नं. ..................................जिल्ला, ड्राइभिङ्ग लाईसेन्स नं................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । खोटाङ जिल्ला वराहपोखरी गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्णरुपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

| **चालकको** | **प्रमाणित गर्ने व्यक्तिको** |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

## अनुसूची-२
## कार्यविधिको दफा ६ को उपदफा १ ङ बमोजिम
## एम्बुलेन्स संचालनको लगबुक

**सवारी नं.** **सवारी चालकको नाम:**

| क्र.सं. | मिति | ठाउँ | | दुरी (कि.मि.) | | | सेवा शुल्क रु. | इन्धन डिजेल | बिरामीको नाम | कुरुवाको नाम | कुरुवाको सम्पर्क नं. | ठेगाना | विरामीको प्रकृति | कुरुवाको हस्ताक्षर | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरु | अन्तिम | जम्मा दुरी | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

पेश गर्ने

प्रमाणित गर्ने

## अनुसूची-३
## कार्यविधिको दफा ७ सँग सम्बन्धित

**<u>एम्बुलेन्स सेवा दररेट</u>**

| सि नं | स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट |
|---|---|---|---|
| १ | वराहपोखरी | धाप्लाङ | ५,५००।०० |
| | | वंशिला | |
| २ | सुन्तले | धाप्लाङ | ३,३००।०० |
| | | वंशिला | |
| ३ | साउनेचउर | धाप्लाङ | ४,०००।०० |
| | | वंशिला | |
| ४ | फाक्टाङ | धाप्लाङ | ४,०००।०० |
| | | वंशिला | |
| ५ | पौवासेरा | धाप्लाङ | ३,३००।०० |
| | | वंशिला | |
| ६ | मौवाबोटे | धाप्लाङ | ४,०००।०० |
| | | वंशिला | |

☞ यस वराहपोखरी गाउँपालिका क्षेत्र भित्रका गर्भवती महिलाहरुलाई सम्बन्धित वर्थिङ सेन्टर तथा स्वास्थ्य चौकीबाट बाह्य स्वास्थ्य संस्थाहरुमा रेफर गर्ने अवस्था आएमा यस वराहपोखरी गाउँपालिका वडा नं २ स्थित धाप्लाङघाट तथा वडा नं ५ स्थित वंशिलाघाटसम्म पुर्याउन नि:शुल्क रुपमा यस वराहपोखरी गाउँपालिकाको एम्बुलेन्सको प्रयोग गर्ने निर्णय गरियो।

☞ गाउँपालिका बाहिरको हकमा :

| स्थान देखि | स्थान सम्म | स्वीकृत दररेट |
|---|---|---|
| वराहपोखरी गाउँपालिका | गाईघाट | १२,०००।०० |
| | धरान | १५,०००।०० |
| | विराटनगर | १८,०००।०० |
| | भरतपुर | २०,०००।०० |